# घर बहालमा लिनेबारेको सार्वजनिक सुचना

**दोस्रो पटक सुचना प्रकाशित मिति २०७८ साल मंसिर १५ गते**

फरवार्ड माईक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड केन्द्रिय कार्यालय दुहबी, सुनसरीले केन्द्रिय कार्यालयका लागि सुनसरी जिल्ला दुहबी नगरपालिकाको धरान बिराटनगर राजमार्ग वा दुहबी ईनरुवा सडक बजार आसपास क्षेत्रमा पार्किङ्ग एरिया भएको पानी, बत्ति, बिजुली र टेलिफोन सुबिधा सहीत प्रयाप्त संख्यामा ट्वालेट तथा बाथरुम, भएको वित्तीय संस्थाको निबेदन फाराममा तोकिएको शर्त तथा मापदण्ड अनुसारको सुबिधा सम्पन्न पक्की घर बहालमा लिनु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि दोस्रो पटक यो सुचना प्रकाशित गरिएको छ । निबेदन फाराममा तोकिएको शर्त तथा मापदण्ड अनुसारको घर बहालमा दिन ईच्छुक घरधनीले वित्तीय संस्थाबाट उपलब्ध निबेदन फाराममा आवश्यक बिबरण भरी आवश्यक कागजात सम्लग्न गरी यो सुचना प्रकाशित भएको मितिले १५औं दिन सम्ममा कार्यालय समय भित्र बित्तीय संस्थाका केन्द्रिय कार्यालय दुहबी, सुनसरीमा पेश गर्न सम्बन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१) यस वित्तीय संस्थाका खाता रहेको एभरेष्ट बैंक लि. को शाखा कार्यालय दुहबी, सुनसरीको चल्ती खाता नं. ००९००१०५२००३७३ मा उपरोक्त अनुसारको निबेदन दस्तुर बापतको रकम रु. ५००/- पछी फिर्ता नहुने गरी जम्मा गरी सोको सक्कल अर्धकट्टी भौचर सहित निबेदन दिन पर्नेछ ।

२) निबेदन दिदा खाम बाहिर घर बहालमा दिने बारेको निबेदन भनि स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३) निबेदनसाथ सम्लग्न गरिने आवश्यक कागजातको प्रतिलिपीहरु संस्था वा बित्तीय संस्थाको अधिकृतबाट नाम, थर दर्जा र कार्यालय समेत खुलाई प्रमाणित गराई संलग्न राख्नु पर्नेछ ।

४) घर बहाल रकम अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ । केरमेट भएको हुनु हुदैन अंर अक्षरमा फरक परेमा अक्षरलाई मान्याता दिईनेछ । कुनै शर्त राखेको वा दर रेट सम्बनधी अधुरो रहेको निबेदन स्वतः रद्ध हुनेछ ।

५) प्राप्त हुन आएको निबेदन सुचना प्रकाशित भएको मितिले १५औं दिनमा दिनको ४:०० बजे निबेदक वा निजको प्रतिनिधीको रोहबरमा यस बित्तीय संस्थाको केन्द्रिय कार्यालय दुहबी, सुनसरीमा खोलिने छ । तर प्रतिनिधीहरु अनुपस्थित भएमा पनि निबेदक खोल्न कुनै बाधा पर्ने छैन ।

६) तोकिएको दिन बिदा परेमा सो को लगतै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्र दर्ता गर्ने वा खोल्ने कार्य हुनेछ ।

७) म्याद नाघी वा रित नपुगी दाखिला भएको निबेदन उपर कुनै कारवाही हुने छैन ।

८) घटी वा बढी रकमको निबेदन स्विकृत गर्ने अस्विकृत गर्ने वा आंशिक रुपमा स्विकृत गर्ने आदी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा नै सुक्षित रहने सो को कारण प्रकाशमा ल्याईने छैन ।

९) निबेदन स्विकृत भएपछी सम्बन्धित घरधनीले वित्तीय संस्थाले चाहे अनुसारको आवश्यक तोडफोड गरी निर्माण गर्ने कार्य र घरको बिमा स्वयम् घरधनीले नै गर्नु पर्ने छ । सो को लागि थप रकम उपलब्ध गराईने छैन ।

१०) घर बहाल भुक्तानी दिदा नेपाल सरकारको नियमानुसार लाग्ने कर अग्रिम रुपमा कटाई बाँकी रकम मात्र भुक्तानी दिईने छ ।

११) अन्य शर्त निबेदन कागजमा उल्लेख भए अनुसार नै हुनेछ । यस सम्बन्धमा कुनै बुझनु परेमा कार्यालय खुलेको दिन फरवार्ड माइक्रोफाइनान्स लघुवित्त बित्तीय संस्था लिमिटेड केन्द्रिय कार्यालय दुहबी, सुनसरीमा सम्पर्क राखी बुझ्न सकिने छ

१२) बिषेश कारणले वा नेपाल सरकारको ब्यवस्था बमोजिम करारनामा अबधी भित्र बित्तीय संस्थाले घर छाड्नु परेमा ३५ दिनको अग्रिम सुचना दिई घर बहाल छोडन सकिने छ ।

FORWARD Microfinance Ltd. Estd. 2069

FORWARD फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubittiya Bittiya Sanstha Ltd

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्रप्त संस्था – (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

केन्द्रिय कार्यालय दुहबी, सुनसरी
फोन नं. ०२५-५४००१८